# विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८२

## पाखीबास नगरपालिका

पाखीबास धनकुटा ,

कोशी प्रदेशनेपाल ,

# विशेष अनुदान सम्बन्धी कार्यविधि ,२०८२

## पाख्रीबास नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/२७

मिति २०८२/०९/२७ गते पाख्रीबास नगर कार्यपालिकाबाट पारित भई प्रमाणिकरणको लागि पेश भएको विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८२ प्रमाणित गर्दछु ।

**प्रमाणिकरण मितिः २०८२/०९/२७**

............................................
नामः ज्ञान बहादुर गुरूङ
पदः नगर प्रमुख
पाख्रीबास नगरपालिका
नगरकार्यपालिका कार्यालय पाख्रीबास धनकुटा

# विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

पाखीवास नगरपालिकाको कृषि क्षेत्रको विकास मार्फत आर्थिक, सामाजिक विभेद र वञ्चिति परेका वर्ग वा समुदायको उत्थान र विकास गर्न पालिकाबाट सञ्चालन गरिने आयोजना वा कार्यक्रमको लागि विशेष अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको विशेष अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८२ को अधिनमा रही पाखीबास नगरपालिकाले यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(ख) यो कार्यविधि पाखीवास नगरपालिका क्षेत्र भित्र रहेका कृषक, महिला समूह र कृषक समूहहरुको हकमा मात्र लागू हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**(क) "ऐन"** भन्नाले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

**(ख) "कार्यविधि"** भन्नाले विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्छ ।

**(ग) "विशेष अनुदान"** भन्नाले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ११ बमोजिमको विशेष अनुदानलाई सम्झनु पर्छ ।

**(घ) "नगरपालिका"** भन्नाले पाखीवास नगरपालिकालाई सम्झनु पर्दछ ।

**(ङ) "नगर सभा"** भन्नाले पाखीवास नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

**(च) "नगर कार्यपालिका "** भन्नाले पाखीवास नगरपालिकाको नगर कार्यपालिका लाई सम्झनु पर्छ ।

**(छ) "प्रमुख"** भन्नाले पाखीवास नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

**(ज)** "**उप प्रमुख** भन्नाले पाखीबास नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २

## विशेष अनुदानको उद्देश्य

**३. विशेष अनुदानको उद्देश्य**

(क) यस नगरपालिका क्षेत्र भित्र रहेका कृषक, महिला समूह र कृषक समूहहरु मध्ये आर्थिक र सामाजिक रुपमा विभेदमा रहेका कृषक, महिला समूह र कृषक समूहको उत्थान र विकासको लागि विशेष अनुदान दिने ।

(ख) स्थानीय सरकार सबै कृषकको लागि समान भएको अनुभुति दिलाउन ।

(ग) यस पाख्रीवास नगरपालिकाका कृषक, कृषक समूह र महिला समूहलाई व्यवसायिक कृषिको लागि उत्प्रेरित गर्न ।

## परिच्छेद- ३
## विशेष अनुदान दिन सकिने क्षेत्रहरु

**४. विशेष अनुदान दिन सकिने क्षेत्रहरुः**

(१) यस नगरपालिका क्षेत्र भित्र रहेका कृषक, महिला समूह र कृषक समूहको सामाजिक र आर्थिक रुपमा विभेदमा परेका कृषक, महिला समूह र कृषक समूहको उत्थान र विकासको लागि विशेष अनुदान दिनुपर्नेछ ।

(२) विशेष अनुदान प्लाष्टिक पोखरी निर्माण, प्लाष्टिक टनेल वितरण, फलफूलको नर्सरी स्थापना (हिउँदे र वर्षे ) र फलफूलको बोटविरुवा वितरणको लागि अनुदान दिनुपर्नेछ।

**५.विशेष अनुदानको लागि आवश्यक न्यूनतम मापदण्डहरुः**

(क) फलफूलको विरुवा नर्सरी स्थापना (हिउँदे र वर्षे २ वटा) को लागि कम्तीमा ५ रोपनी वा सोभन्दा माथि जग्गा हुनुपर्ने (जग्गा भाडाँमा लिनुपर्ने भएमा कम्तीमा १० वर्षको करार सम्झौता भएको हुनुपर्ने), सिँचाई, सडक, बिजुली बत्तीको पहुँच पुगेको हुनुपर्ने र बिउ, बेर्ना, ज्यामी खर्च, मलखाद लाभग्राही स्वंयमले व्यवस्थापन गरेपश्चात मात्र विशेष अनुदानको रुपमा फलफूल नर्सरी स्थापनाको लागि अन्य आवश्यक सामाग्रीहरु खरिद गरिनेछ ।

(ख) फलफूलको विरुवा रोप्नको लागि कम्तीमा १ रोपनी वा सो भन्दा बढी खेतीयोग्य जग्गा हुनुपर्नेछ ।

(ग) देहायमा उल्लेखित फलफूलको विरुवाहरु लाभग्राहीले प्राप्त गर्नको लागि प्राविधिक लागत इष्टिमेट बमोजिमको रेखाङ्कन गर्न, खाडल, मलखाद र सिँचाईको व्यवस्था गर्नुपर्नेछ ।

देहायः

आप विरुवाको लागि प्रति रोपनी ५बोट

लिची विरुवाको लागि प्रति रोपनी ८ बोट

मेकाडेमियानट विरुवाको लागि प्रति रोपनी ५ बोट

सुन्तला विरुवाको लागि प्रति रोपनी १५ बोट

जुनार विरुवाको लागि प्रति रोपनी १५ बोट

कागती विरुवाको लागि प्रति रोपनी १५-२० बोट

मेवा विरुवाको लागि प्रति रोपनी १२५ बोट

रुखकटहर विरुवाको लागि प्रतिरोपनी ४ बोट

अम्बा विरुवाको लागि प्रतिरोपनी १५ बोट

एभोकाडो विरुवाको लागि प्रतिरोपनी ६ बोट

(माथि उल्लिखित विभिन्न फलफूल जातको विरुवाहरु बाहेक कृषकको माग अनुसार अन्य फलफूल जातको विरुवाहरु समेत थप गर्न सकिनेछ ।)

(घ) ६X १२ प्लाष्टिक टनेल निर्माणको लागि प्रतिघरले कम्तीमा १ रोपनी वा सो भन्दा बढी जग्गामा तरकारी व्यवसाय गरेको हुनुपर्ने र प्राविधिक लागत इष्टिमेट अनुसार बासभाटा आवश्यक फ्रेम तयार भएपश्चात मात्र लाभग्राहीलाई विशेष अनुदान प्रदान गरिनेछ ।

(ङ) ६X ८ को प्लाष्टिक पोखरी निर्माणको लागि प्रतिघरले कम्तीमा १ रोपनी वा सो भन्दा बढी जग्गामा तरकारी वा फलफूल बाली खेती गरेको हुनुपर्ने र प्राविधिक लागत इष्टिमेट अनुसार पोखरी तयार भएपश्चात मात्र लाभग्राहीलाई विशेष अनुदान दिइनेछ । भौगोलिक अवस्था अनुसार दुई वा सो भन्दा घरपरिवारले आवश्यकता महशुस गरी सामुहिक पोखरी निर्माण गर्न चाहेमा पहिलो प्राथमिकता दिईनेछ ।

(च) उपदफा (क) र (ग) को हकमा कम्पोष्टमल व्यवस्थापन प्रयोजनार्थ पशुपालन वा प्राङगारिक मल व्यवस्थापन गरेको हुनुपर्नेछ।

## परिच्छेद- ४
## विशेष अनुदान दिन नसकिने क्षेत्रहरु

**६. विशेष अनुदान दिन नसकिने क्षेत्रहरुः**

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विषय वा प्रकृतिको आयोजना वा कार्यक्रमको लागि देहायका लाभग्राहीहरुलाई विशेष अनुदान प्रदान गर्ने छैनः

(क) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च,

(ख) कुनै राजनैतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको,

(ग) वातावरणमा प्रतिकुल प्रभाव पार्ने प्रकृतिको र

(घ) पाखीबास नगरपालिकाको कार्यालयमा विभिन्न शिर्षकमा दायित्व भुक्तानी बाँकी रहेका लाभग्राहीहरु ।

## परिच्छेद- ५
## विशेष अनुदान रकम निकासा तथा कार्यान्वयन प्रकृया

## ७. विशेष अनुदान रकम निकासा तथा कार्यान्वयन प्रक्रियाः

(क) विशेष अनुदानको उपलब्धता विशेष अनुदान सिफारिस समिति, नगर कार्यपालिका तथा नगर सभाबाट निर्णय भए बमोजिम हुनेछ ।

(ख) विशेष अनुदान रकम कृषक, महिला समूह र कृषक समूहको कार्यसम्पन्नताको मूल्यांकन गरी सोही आधारमा सम्बन्धित सप्लायर्स वा फर्मको बैंक खातामा विद्युतीय भुक्तानी प्रणाली मार्फत भुक्तानी दिनुपर्नेछ ।

(ग) विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना र कार्यक्रममा खर्च गर्न पाईने छैन ।

(घ) विशेष अनुदान प्रवाह गर्न लक्षित वर्गहरुको आवेदन प्रस्ताव माग गर्न पालिका स्तरीय सूचना प्रकाशन गर्नुपर्नेछ ।

(ङ) विशेष अनुदान रकमको खर्च सार्वजानिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावली, २०६४ लगायत प्रचलित आर्थिक ऐन, नियम र मापदण्ड बमोजिम हुनेछ ।

(च) विशेष अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरिक्षण गराउनुपर्नेछ ।

(छ) वैदेशिक रोजगारीबाट देश फर्कि आएका कृषक युवा, कृषक एकल महिला, अपाङ्ग, घातक रोग लागेका रोगीका घरपरिवारका कृषक सदस्य, विपन्न नागरिकका कृषक घर परिवारका सदस्यहरुलाई वडा कार्यालयको सिफारिस बमोजिम विशेष प्राथमिकता दिईनेछ ।

(ज) यस नगरपालिका क्षेत्र भित्र रहेका कृषक, महिला समूह र कृषक समूहहरु मध्ये गत आ.व.मा कृषि सम्बन्धी १ लाख भन्दा माथि अनुदान लिएकाहरुलाई सोही शिर्षकमा अनुदान प्रदान गरिनेछैन।

(झ) पाख्रीवास नगरपालिका भित्र रहेका कृषक, महिला समूह र कृषक समूहहरुले विशेष अनुदानको आवेदन गर्नका लागी तपसिल बमोजिमको आवश्यक कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**तपसिलः**

१. नेपाली नागरिकताको प्रतिलिपी
२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी
३. जग्गा भाडामा लिएको भए जग्गा भाडा सम्झौता पत्र (कम्तीमा १० वर्षको)
४. एकाघरको व्यक्तिहरुको हकमा जग्गा भोगचलनको लागि मञ्जुरीनामा
५. चालु आ.व. को जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपी
६. कर चुक्ता प्रमाणपत्र (महिला समूह र कृषक समुहको हकमा मात्र)
७. नवीकरण सहितको कृषि समूह दर्ता प्रमाणपत्र (कृषक समूह र महिला समूहको हकमा मात्र)
८. अघिल्लो आ.व. को लेखापरिक्षण प्रतिवेदन (कृषक समूह र महिला समूहको हकमा मात्र)
९. वैदेशिक रोजगारबाट फर्कि आएका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपी समेत
१०. फलफूलको नर्सरी स्थापनाको हकमा नर्सरी व्यवस्थापन तालिमको प्रमाणपत्र
११. स्वघोषणा वा प्रतिवद्धता पत्र
१२. लाभग्राहीले ईच्छा गरी माग गरिएको कृषि विशेष अनुदान सम्बन्धी कार्यक्रम संलग्न निवेदन
१३. वडा कार्यालयको सिफारिस पत्र
१४. कृषक समूह वा महिला समूहको हकमा समितिको निर्णय

१५. घातक रोग, एकल महिला, अपाङ्ग र आर्थिक विपन्नको हकमा सम्बन्धित वडाको सिफारिस र अन्य आवश्यक कागजातहरु समेत ।

## परिच्छेद-६

## विशेष अनुदान छनौट तथा सिफारिस समिति

८. **विशेष अनुदान छनौट तथा सिफारिस समितिः**

पाखीबास नगरपालिका क्षेत्र भित्र रहेका कृषक, महिला समूह र कृषक समूहहरुलाई विशेष अनुदान छनौट तथा सिफारिस गर्नको लागि तपसिलका पदाधिकारीहरु रहेको विशेष अनुदान छनौट तथा सिफारिस समिति रहनेछः

(क) संयोजकः नगर-प्रमुख

(ख) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(ग) योजना शाखा प्रमुखः सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य

(ङ) पशुपंक्षी सेवा शाखा प्रमुखः सदस्य

(च) प्राविधिक शाखा प्रमुखः सदस्य

(छ) कृषि विकास शाखा प्रमुखः सदस्य सचिव

## विविध

## स्थानीय अनुगमन तथा निरीक्षण समिति

९. **स्थानीय अनुगमन तथा निरीक्षण समितिः**

स्थानीय अनुगमन तथा निरीक्षण समितिः विशेष अनुदान कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्नको लागी यस नगरपालिकाको उप-प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारी रहेको एक स्थानीय अनुगमन तथा निरीक्षण समिति रहनेछः

| | |
|---|---|
| १. नगर उप-प्रमुख | संयोजक |
| २. आर्थिक विकास समिति संयोजक | सदस्य |
| ३. सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ४. कृषि शाखाको शाखा प्रमुख | सदस्य |
| ५. सम्बन्धित वडाको वडा सचिव | सदस्य |

(क) अनुगमन तथा निरीक्षण समितिले लाभग्राहीले विशेष अनुदान कार्यक्रम तोकिएको शर्तहरु बमोजिम गरेको/नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्नेछ ।

(ख) यस कार्यविधि बमोजिम निकासा भएको रकमबाट तोकिए बमोजिम कार्य भए/नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(ग) खण्ड (ख) मा तोकिएको शर्त/सम्झौता बमोजिम विशेष अनुदान कार्यक्रम नभएको पाईएमा विशेष अनुदान उपलब्ध गरिनेछैन ।

(घ) विशेष अनुदानको सदुपयोग गर्ने जिम्मेवारी सम्बन्धित लाभग्राही स्वंयमको हुनेछ ।

(ङ) विशेष अनुदानको प्रगति प्रतिवेदन मासिक रुपमा सम्बन्धित शाखाले नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।प्रतिवेदन पेश गर्दा सम्बन्धित शाखाले कार्यक्रम सञ्चालन भएको स्थानमा स्थलगत निरीक्षण गरेर मात्र गर्नुपर्नेछ ।

(च) विशेष अनुदानबाट सञ्चालन भएका आयोजनाहरुको अनुगमन तथा निरिक्षण स्थानीय अनुगमन तथा निरिक्षण समितिले कम्तीमा ३ अवस्था (प्रारम्भिक, सञ्चालित र सम्पन्न पश्चात) मा गरी सो को प्रगति प्रतिवेदन जिल्ला समन्वय समितिमा पेश गर्नुपर्नेछ र जिल्ला समन्वय समितिले अनुगमन तथा निरिक्षण गरी सो आयोजना सम्बन्धमा आवश्यक सुझाव सहितको प्रगति प्रतिवेदन योजना आयोगमा पेश गरिनेछ ।

१०. <u>भुक्तानीको लागि आवश्यक कागजातहरु (फलफूल नर्सरी उत्पादनको हकमा मात्र)</u>

(क) वडाको कार्यसम्पन्न सिफारिस पत्र

(ख) प्राविधिक लागत इष्टिमेट तथा मूल्याङ्कन प्रतिवेदन

(ग) अनुगमन तथा निरिक्षण प्रतिवेदन

(घ) आवश्यक बिल भरपाईहरु, कागजातहरु, कार्यसम्पादनको प्रमाण (फोटो, भिडियो इत्यादि), कार्यक्रम स्थलमा रहेको सूचना पाटीको फोटो र खर्च सार्वजानिक प्रतिवेदन

(ङ) कृषक समूहको हकमा समितिको निर्णय

(च) प्रचलित ऐन, कानून बमोजिम पेश गर्नुपर्ने अन्य थप कागजातहरु ।

११. <u>संशोधन तथा परिमार्जनः</u>

विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८२ लाई थप प्रभाकारी बनाउन आवश्यकता अनुसार नगर कार्यपालिका वा नगरसभाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

१२. <u>कानुन बमोजिम कारवाही हुनेः</u> यस कार्यविधि वा प्रचलित कानून विपरित विशेष अनुदान प्रयोग गरेको/भएको पाईएमा, झुट्टा नक्कली बिलभरपाई पेश गरेको पाइएमा, तोकिएको उद्देश्य विपरित लाभग्राहीले विशेष अनुदान प्रयोग वा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१३. <u>बचाउ तथा खारेजीः</u>

यस कार्यविधिको कुनै बुदाँ, अंश, वाक्य वा शब्द प्रदेश र संघीय कानून सँग बाझिएमा बाझिएको हद सम्म अमान्य भई खारेजी हुनेछ ।

(नोटः यस अघि विशेष अनुदान माग गरिएको विवरण

| सि.नं. | विवरण | इकाई | दर | संख्या | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फलफूलको नर्सरी उत्पादन (हिउदे र वर्षे) | संख्या | ५०००० | २ | १०००००० | |
| २ | प्लाष्टिक पोखरी निर्माण | संख्या | ३००००० | २० | ६०००००० | |
| ३ | प्लाष्टिक टनेल वितरण | संख्या | ७००० | २८५ | २०००००० | |
| ४ | फलफूल बोटविरुवा वितरण | संख्या | २५० | ४००० | १०००००० | |
| जम्मा | | | | | १०००००० | |

तर विशेष अनुदान प्राप्त भएको रु. ७५०००००/- (अर्थात २५ प्रतिशत कम) पश्चात बजेटको विवरण

| सि.नं. | विवरण | इकाई | दर | संख्या | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फलफूलको नर्सरी उत्पादन (हिउदे र वर्षे) | संख्या | ५००००० | १ | ५००००० | |
| २ | प्लाष्टिक पोखरी निर्माण | संख्या | ९००० | ५०० | ४५०००० | |
| ३ | प्लाष्टिक टनेल वितरण | संख्या | ६००० | २५० | १५०००० | |
| ४ | फलफूल बोटविरुवा वितरण | संख्या | १५० | ६६६६ | १०००००० | |
| जम्मा | | | | | ७५००००० | |